# राज्यको मूल प्रवाहमा मधेशी समुदायको पहुँच

## अध्ययन प्रतिवेदन, २०७९




प्रकाशकः

**मधेशी आयोग**

**Madheshi Commission**

ज्वागल, ललितपुर, नेपाल

# राज्यको मूल प्रवाहमा मधेशी समुदायको पहुँच

# अध्ययन प्रतिवेदन

## २०७९

**प्रकाशकः**

**मधेशी आयोग**

ज्वागल, ललितपुर

हटलाइनः ११४८, टोल फ्रि नम्बर : १६६०-०१-१६१८५

बेवसाइटः www.madheshiaayog.gov.np

# राज्यको मूल प्रवाहमा मधेशी समुदायको पहुँच
## अध्ययन प्रतिवेदन -२०७९

प्रकाशक : मधेशी आयोग, ज्वागल, ललितपुर, नेपाल ।
फोन नं. : ६७७-०१-५२६११८५, फ्याक्सः ६७७-०१-५२६११८५
हटलाईन : ११४८
टोल फ्रि : १६६००११६१८५
Website : madheshicommission@gmail.com
E-mail : madheshicommission@gmail.com
सर्वाधिकार@मधेशी आयोग
कम्प्युटर-मुद्रण : ओझा प्रिन्ट एण्ड ट्रेड प्रा. लि., बागबजार, काठमाडौं

# आयोगका पदाधिकारी



**डा. विजय कुमार दत्त**
(माननीय अध्यक्ष)




**जीवछ साह**
(माननीय सदस्य)



**रेणु देवी साह**
(माननीय सदस्य)



**विजय कुमार गुप्ता**
(माननीय सदस्य)



**आभा कुमारी**
(माननीय सदस्य)



**रुद्र प्रसाद लामिछाने**
(सचिव)

# मन्तव्य

मधेशी आयोगको स्थापना बर्ष २०७५ तथा कार्य सञ्चालन बर्ष पनि २०७५ चैत ७ गते नै रहेको छ। स्थापना कालदेखि नै यो आयोगले प्राप्त संवैधानिक र कानुनतः परिभाषित गरिएका कार्यहरु अहोरात्र सम्पादन गर्दै आएको छ। यसै क्रममा कोभिड -१९ को पहिलो, दोस्रो र तेस्रो लहरको विश्वव्यापी महामारीले नेपाललाई पनि निकै अप्ठेरोमा पारेको थियो र अझैसम्म त्यसको नकारात्मक प्रभाव आर्थिक, सामाजिक लगायतका क्षेत्रमा देखा परेकै छ। यसको कुप्रभावबाट यो आयोग पनि निकै प्रभावित भए। विगतमा सङ्कटका वावजुद पनि यस आयोगले प्राप्त जिम्मेवारीलाई अक्षरसः वहन गर्दै आयोगलाई सकेसम्म प्रविधिको माध्यमबाट जनमैत्री बनाएको छ। प्राप्त वैधानिक जिम्मेवारी अनुसार **“मधेश”** शव्द र भूगोलको परिभाषा गरिएको छ। त्यस्तै, मधेशी समुदाय को को हुन ? परिभाषित गरिएको छ। मधेशीको खण्डिकृत जनसंख्या कति छ ? त्यसको लागि मधेश प्रोफाइल र सांस्कृतिक अवस्थाको यथार्थतः चित्रणको लागि वृत्तचित्र निर्माण गरिएको छ। मधेशी समुदायको समस्या पहिचान र वर्ग पहिचान गरिएका छन्। पञ्चबर्षिय रणनीतिक योजना तयार गरी सरोकारवालाहरुमा कार्यान्वयनको लागि सिफारिस गरिएको छ। आयोगले प्राप्त अधिकार अनुसार, अनुगमन, समीक्षा र मुल्याङ्कन गर्ने कार्य गरेको छ। प्राप्त सयकडौं उजुरीहरु माथि कार्वाहीको लागि कार्य सम्पादन भएको छ। संघीय संसद, प्रतिनिधि सभाको महिला तथा सामाजिक मामिला समितिमा तीन पटक गहन छलफल गरिएको छ। राष्ट्रिय सभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिसँग सघन छलफल भएको छ। आयोगको स्थापनाकालदेखि वर्तमानसम्म वेरुजु शुन्य भएको लगायतका ऐतिहासिक कार्यहरु सु-सम्पन्न भएका छन्।

यी कालजयी अध्ययन र अनुसन्धानहरु नेपालको इतिहासमै प्रथम पटक भएका छन्। यसै क्रममा आ.व. ०७९/०८० मा आयोगले **“राज्यमा मधेशी समुदायको पहुँच”** सम्वन्धमा अध्ययन सु-सम्पन्न गरेको छ। यस अध्ययन अनुसार, मधेशी समुदायको पहुँच नेपाली सेनामा ०३%, निजामती सेवामा ०८%, सशस्त्र प्रहरी बलमा ०९%, नेपाल प्रहरीमा १२% र नेपाल राष्ट्र बैकमा १२.११% रहेको छ। २०८० वैशाख महिनासम्म जो जसले मधेशी प्रमाणपत्र लिएका छन् ती सबैको यस अध्ययनको प्रतिवेदनमा

सहभागिता रहेका छन् । यसमा मधेशी दलित, मधेशी आदिवासी जनजाति, थारु, मुस्लिम लगायतका समुदायहरु रहेका छन् । यस प्रकार सवै जात र समुदायलाई एकत्रित गर्दा जम्मा जनसंख्या ४९% हुन जान्छ ।

यो अध्ययन प्रतिवेदनको डिजिटल प्रकाशन र हार्डकपि दुबैमा प्रकाशन गरि राज्यलाई सिफारिस गरिने छ । जसबाट मधेशी समुदायको राज्यमा यथेष्ट पहुँचको लागि आधार-स्तम्भ साबित हुनेछ । यसै अध्ययनको आधारमा मधेशी आयोगले प्रभावकारीरुपमा समस्या समाधान गर्न नेपाल सरकारलाई सिफारिस गर्नेछ । थप अध्ययन तथा अनुसन्धानको निरन्तरता आयोगले गर्ने नै छ ।

अन्त्यमा, यस अध्ययनमा प्रत्यक्ष वा परोक्षरुपमा सहयोग गर्ने आयोगका मा. सदस्यहरु, कर्मचारीहरु, सम्पूर्ण व्यक्ति तथा व्यक्तित्वहरुलाई हार्दिक धन्यवाद अर्पण ।

**डा. विजयकुमार दत्त**
अध्यक्ष
मधेशी आयोग ।

# सारांश

नेपालको भौगोलिक क्षेत्रअनुसार तराईको क्षेत्रफल २३.१ प्रतिशत र जनसंख्या ५३.६६ प्रतिशत रहेको छ। मूल रुपमा तराई क्षेत्रमा मधेशी समुदायको बसोबास रहेको पाइन्छ। राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अनुसार ३३.२८ प्रतिशत मधेशी समुदाय रहेको छ। उक्त जनगणनामा थारु र मुस्लिमको संख्यासमेत जोडिएको छ। जसमध्ये थारु ६.२ प्रतिशत, मुस्लिम ४.८६ प्रतिशत रहेको देखिन्छ। यसरी हेर्दा २२.२२ प्रतिशत पूर्ण मधेशी समुदायको जनसंख्या रहेको यकिन गर्न सकिन्छ।

देशको कुल जनसंख्याको एक तिहाई हिस्सा ओगट्ने मधेशी समुदायको राज्यको मूल प्रवाहमा कति सहभागिता छ भनेर अध्ययन गर्नु नै यस प्रतिवेदनको मुख्य उद्देश्य हो। राज्यको मूल प्रवाहमा मधेशीहरुको सहभागिता र उपस्थिति के कति रहेको भन्ने सम्बन्धमा यो पहिलो प्रयास संग्रहनीय हुनेछ भन्ने हाम्रो विश्वास छ।

अध्ययनअनुसार नेपालको कुल ८६,२९६ निजामती कर्मचारीमध्ये ८ प्रतिशत संख्या मधेशीको रहेको छ। जसमध्ये ७६.६८ प्रतिशत अर्थात् ५३०३ जना प्राविधिक क्षेत्रमा, २२.७७ प्रतिशत अर्थात् १५७५ जना अप्राविधिक क्षेत्रमा र बाँकी ०.५३ प्रतिशत अर्थात् ३७ जना अन्य क्षेत्रमा रहेको तथ्यांकले देखाउँछ।

यसैगरी सुरक्षा निकायमध्ये नेपाल प्रहरीमा १२ प्रतिशत अर्थात् ९,४८२ जना मधेशी रहेका छन्। तथ्यांक संकलनबाट वित्तिय क्षेत्रको माथिल्लो निकाय नेपाल राष्ट्र बैंकमा १२.११ प्रतिशत मधेशी रहेका छन्। यसरी हेर्दा मधेशी समुदायले विस्तारै निजामतीदेखि अन्य सेवामा आफ्नो क्षेत्र विस्तार गरेपनि मधेशी समुदायको जनसंख्याको आधारमा यो अत्यन्तै कम रहेको मुल्यांकन गर्न सकिन्छ।

अध्ययनबाट मधेशी समुदायको उपस्थिति मुलुकभरका अधिकांश स्थानीय तहमा देखिन्छ। सातै प्रदेशका अधिकांश स्थानीय तहका प्रशासन, स्वास्थ्य, शिक्षा आदि क्षेत्रमा मधेशीहरुको उपस्थितिले उक्त क्षेत्रमा अब्बलता झल्काएको छ। मधेश प्रदेशसँगै देशभरका स्थानीय कार्यालयहरुमा प्राविधिक क्षेत्र बाहेक पनि अन्य सबै क्षेत्रमा मधेशीको पहुँच अध्ययनले देखाउँछ। नेपाली सेनामा करिब ३ प्रतिशत मधेशी संख्या हुनु तथा माथिल्लो पदहरुमा केही संख्यामा मधेशी पुग्नु भविष्यको लागि आशा जगाउने यथार्थको रुपमा चित्रित गर्न सकिन्छ। हालसम्म गरिएको अध्ययन अनुसन्धान कम भएपनि यो अध्ययन शुरुवात हो र यसको निरन्तरता हुनु जरुरी छ।

# विषयसूची


**१. अध्ययनको पृष्ठभूमि**

१.१. परिचय ........ १
१.२. अध्ययनको उद्देश्य ........ २
१.३. अध्ययनका सीमा ........ २
१.४. अध्ययन विधि ........ २
१.४.१. पत्राचार ........ ३
१.५. सम्पन्न क्रियाकलापहरु ........ ३
१.६. प्रारम्भिक प्रस्तुतीकरण र सुझाव संकलन ........ ४

**२. तथ्यांक विश्लेषण**

२.१. निजामती कर्मचारी : राष्ट्रिय किताबखाना (निजामती) ........ ५
२.१.१. सेवागत आधारमा ........ ५
२.१.२. संघ र प्रदेश तहमा निजामती कर्मचारी संख्या ........ ६
२.१.३. तहगत रुपमा निजामती कर्मचारी संख्या ........ ७
२.१.४. प्राविधिक र अप्राविधिक निजामती कर्मचारी संख्या ........ ८
२.२. सुरक्षा निकाय ........ ८
२.३. संवैधानिक आयोग ........ ११
२.४. संसद सचिवालय ........ ११
२.५ सञ्चार क्षेत्र ........ १२
२.६ वित्तिय संस्था ........ १२
२.७ संघीय स्तरका विभिन्न कार्यालय ........ १३
२.८ संस्थान, बोर्ड, परिषद्हरु ........ १४
२.९ प्रदेशस्तरीय कार्यालय ........ १४
२.१० जिल्लास्तरीय कार्यालय ........ १०
२.११ स्थानीय तह ........ ११
२.१२ सारांशमा तथ्यांक ........ १७

**३ अध्ययनका समस्या र चुनौतीहरु** ........ १८

**४. निष्कर्ष** ........ १८

**५. सुझाव तथा सिफारिस** ........ १९

**अनुसूची** ........ २०

# १. अध्ययनको पृष्ठभूमि

## १.१. परिचय

नेपालको दक्षिण सिमानामा अवस्थित समतल भूमि तराई मधेश हो। मधेश प्रदेश लगायत तराईको २२ जिल्लामा मधेशी समुदायको बाक्लो बसोबाससहित राजधानी काठमाडौं र अन्य जिल्लामा पनि केही उपस्थिति रहेको छ। राज्य र विभिन्न संघसंस्थाले गरेको अध्ययनअनुसार तराई मधेशमा ४३ भन्दा बढी भिन्न मधेशी समुदायको बसोबास रहेको पाइन्छ। यसैगरी मधेशी आयोगले नेपालमा मधेशी थर सूचीकरणको अध्ययन प्रतिवेदन, २०७८ अनुसार देशभर १५० भन्दा बढी थर गोत्र रहेको सार्वजनिक गरेको छ।

पूर्व मेचीदेखी पश्चिम महाकालीसम्म करिव ८०० किमि क्षेत्रमा मधेशीको बसोबास रहेको पाइन्छ। यसै विषयलाई सम्बोधन गर्दै मुलुकभरमा रहेका मधेशी समुदायको हकहीत सम्बोधन गर्नका लागि नेपालको संविधानको भाग २७ को धारा २६२ अनुसार संवैधानिक आयोगको रुपमा मधेशी आयोगको गठन भएको हो। मधेशी आयोग ऐन २०७४ अनुसार यो आयोगलाई परिभाषित गरिएको छ।

मधेश र मधेशी शब्द पूर्ण रुपमा नेपाल र नेपालीकै लागि प्रयोग भएको देखिन्छ। भौगोलिक र जनसांखिक दुवै रुपमा मधेशीको उल्लेख्य संख्या रहेकोले सबै क्षेत्रमा मधेशी समुदायको पहुँचले मात्र यस समुदायको क्षमता प्रदर्शित गराउन सक्दछ। यसको महत्वपूर्ण पाटो राज्यको नीतिनिर्माण तह र विशेषगरी स्थायी सरकारको रुपमा रहेको निजामती क्षेत्रमा मधेशी समुदायको पहुँचले मधेशीको अब्बलता झल्किन्छ।

हालको समयमा राज्यको नीतिनिर्माणको पहुँचमा मधेशी समुदायको उपस्थिति भएपनि दरिलो उपस्थिति हुनुपर्ने छ। राज्य संचालनको अर्को पक्ष कर्मचारी प्रशासन रहेको र विभिन्न सेवामा वर्गीकृत निजामती क्षेत्र विशेषगरी राज्यको ३ तहमा कार्यरत कर्मचारीको अवस्थाले मधेशी समुदायको बास्तविक पहुँच झल्काउछ।

तसर्थः यस विषयको खोज र अध्ययनको आवश्यकता महसुस गरी राज्यको मूल प्रवाहमा मधेशी समुदायको पहुँच विषयमा अध्ययन गरिएको हो।

## १.२. अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य निम्नानुसार रहेका छन् :

१) राज्यको मूलप्रवाहमा मधेशी समुदायको पहुँच र अस्तित्वको अभिलेखीकरण गर्न

२) निजामती, न्याय, सुरक्षा, शिक्षा, स्वास्थ्य, वित्तियलगायत प्रशासनिक क्षेत्रमा मधेशी समुदायको संलग्नता अध्ययन गर्न

३) अध्ययन प्रतिवेदनको आधारमा नीतिगत तथा संस्थागत सुधार र सहभागिताको अवसरसम्बन्धी सुझाव दिन

## १.३. अध्ययनका सीमा

यस अध्ययनलाई सकेसम्म वृहत बनाउने प्रयास गरिएको छ। अध्ययनमा मुख्य रुपमा निजामती क्षेत्रमा मधेशीको पहुँचलाई समेटिएको छ भने अन्य सेवा क्षेत्रमा रहेको पहुँचलाईसमेत प्रतिवेदनमा अटाइएको छ। यस अध्ययनलाई वृहत बनाउने सन्दर्भमा केही सीमाहरु रहेका छन् जुन यसप्रकार छन्।

१) विभिन्न कार्यालयलाई गरिएको पत्राचारबाट आएका तथ्यांकलाई प्रतिवेदनमा समेटिएको

२) प्राप्त तथ्यांकको स्वरुप कुनैको एकमुष्ट, कुनैको लैंगिक वा कुनैको तहगत रुपमा आएकोले कुल संख्यामा तथ्यांक प्रस्तुत गरिएको

३) प्रतिवेदनमा मुख्यतया निजामती, सुरक्षा निकाय, वित्तिय संस्था, सञ्चार क्षेत्र, संस्थानलगायत विभिन्न सेवा क्षेत्र समेटिएको

४) प्रतिनिधिमूलक रुपमा मुलकभरका सातवटै प्रदेशका स्थानीय तहमा कार्यरत मधेशी समुदायका कर्मचारीको तथ्यांक संकलन गरि प्रस्तुत गरिएको

## १.४. अध्ययन विधि

यस अध्ययन प्रतिवेदन निर्माणका लागि निम्नानुसारको अध्ययन विधि प्रयोग गरिएको छ ।

१) विभिन्न निकायबाट प्रथम तथ्यांक संकलन

२) तथ्यांक संकलन फाराम

३) पूर्वसाहित्यको अध्ययन (द्धितिय तथ्यांक)

४) कुराकानी र वार्तालाप

५) संख्यात्मक तथ्यांक विश्लेषण

६) प्रस्तुतीकरण

७) सुझाव संकलन

### १.४.१. पत्राचार

अध्ययनलाई सहज बनाउन मधेशी आयोगको नामबाट सूचना प्रदान गर्नुहुने व्यहोराको पत्र लेखी विभिन्न कार्यालयलाई प्रत्यक्ष र इमेलमार्फत पत्राचार गरी सूचना एवं तथ्यांक माग गरिएको हो ।

## १.५. सम्पन्न क्रियाकलापहरू

"राज्यको मूलप्रवाहमा मधेशी समुदायको पहुँच" अध्ययनलाई पूरा गर्नका लागि निम्नानुसारको क्रियाकलापहरु सञ्चालन गरिएको छ ।

१) विभिन्न निकायसँग रहेको प्रकाशित र अप्रकाशित तथ्यांक संकलन र अध्ययन

२) स्थानीय तहमा पहुँच अध्ययनका लागि स्थानीय तहबाटै तथ्यांक संकलन

३)  सम्भव भएका कार्यालयमा भौतिक उपस्थिति र अन्य निकायमा टेलिफोन, इमेलमार्फत तथ्यांक संकलन

४)  संकलन भएका तथ्यांकको तालिकीकरण र विश्लेषण

५)  अध्ययनबाट देखिएका विषयलाई उठान गरि सुझावका लागि प्रारम्भिक प्रतिवेदन प्रस्तुतीकरण

## १.६. प्रारम्भिक प्रस्तुतीकरण र सुझाव संकलन


यस प्रतिवेदन निर्माणपश्चात् आयोगका माननीय अध्यक्ष डा. विजयकुमार दत्त, सदस्यहरु मा. जीवछ शाह, मा. रेणुदेवी साह, मा. विजय कुमार गुप्ता गुप्ता, मा. आभाकुमारी सिंह, मधेशी आयोगका सचिव रुद्र प्रसाद लामिछाने, पूर्व मन्त्री सरिता गिरी, विज्ञ अशोक झा, विज्ञ डा. श्वेता दिप्ती, आयोगका उपसचिव सविता डंगोल आदिको उपस्थितिमा आयोगको सभाहलमा "राज्यको मुल प्रवाहमा मधेशी समुदायको पहुँच" विषयक अध्ययन प्रतिवेदनको प्रारम्भिक प्रस्तुतीकरण गरि सुझाव संकलन गरिएको हो। उक्त सुझाव संकलन पश्चात् दोश्रोपटक प्रतिवेदनको अन्तिम खाका प्रस्तुतीकरण सोही हलमा गरिएको थियो।

# २. तथ्यांक विश्लेषण

## २.१. निजामती कर्मचारी : राष्ट्रिय किताबखाना (निजामती) [१]

### २.१.१. सेवागत आधारमा


| क्र.सं | सेवा | संख्या |
|---|---|---|
| १ | नेपाल विविध सेवा | ३०२ |
| २ | नेपाल आर्थिक योजना तथा तथ्यांक सेवा | २२ |
| ३ | नेपाल इञ्जिनियरिङ सेवा | १२४० |
| ४ | नेपाल कृषि सेवा | १७५ |
| ५ | नेपाल न्याय सेवा | २५३ |
| ६ | नेपाल परराष्ट्र सेवा | १४ |
| ७ | नेपाल प्रशासन सेवा | १३१२ |
| ८ | नेपाल लेखा परिक्षण सेवा | २२ |
| ९ | नेपाल वन सेवा | २९८ |
| १० | नेपाल शिक्षा सेवा | ८७ |
| ११ | नेपाल संसद सेवा | ३ |
| १२ | नेपाल स्वास्थ्य सेवा | ३१७५ |
| १३ | व्यवस्थापिक संसद सेवा | ४ |
| १४ | संवैधानिक पदाधिकारी | ६ |
| १५ | अन्य | २ |
| | **जम्मा** | **६९१५** |




[१] नेपाल सरकार संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय किताबखाना (निजामती), हरिहरभवन ललितपुरले ०७९ चैत्र २१ गते च.नं. ५५७ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

## २.१.२. संघ र प्रदेश तहमा निजामती कर्मचारी संख्या

| क.सं. | तह | संख्या |
|---|---|---|
| १ | संघ | ५३३३ |
| २ | कोशी प्रदेश | १४१ |
| ३ | मधेश प्रदेश | १२५४ |
| ४ | वागमती प्रदेश | ४२ |
| ५ | गण्डकी प्रदेश | ६ |
| ६ | लुम्बिनी प्रदेश | १०९ |
| ७ | कर्णाली प्रदेश | ६ |
| ८ | सुदुरपश्चिम प्रदेश | २४ |
| जम्मा | | ६९१५ |




### २.१.३. तहगत रुपमा निजामती कर्मचारी संख्या

| क्र.सं. | पद | संख्या |
|---|---|---|
| १ | अतिरिक्त न्यायाधीस | १ |
| २ | न्यायाधीस उच्च अदालत | ४ |
| ३ | जिल्ला न्यायाधीस | १ |
| ४ | अधिकृत एघारौं | ५ |
| ५ | अधिकृत दशौं | १४ |
| ६ | अधिकृत नवौं | २२ |
| ७ | अधिकृत आठौं | १०१ |
| ८ | अधिकृत सातौं | २० |
| ९ | अधिकृत छैटौ | ४४ |
| १० | सहायक पाँचौ | १५४ |
| ११ | सहायक चौथो | १८१ |
| १२ | दशौ तह | २ |
| १३ | नवौं तह | १० |
| १४ | आठौं तह | ७५ |
| १५ | सातौं तह | १०७ |
| १६ | छैटौं तह | ५९७ |
| १७ | पाँचौ तह | १५९१ |
| १८ | चौथो तह | १८४७ |
| १९ | राप प्रथम श्रेणी | ५ |
| २० | राप द्धितिय श्रेणी | ६७ |
| २१ | राप तृतिय श्रेणी | ४१२ |
| २२ | राप अन प्रथम | ९१९ |
| २३ | राप अन द्धितिय | ५६४ |
| २४ | राप अन तृतिय | ४ |
| २५ | रापअन चतुर्थ | १ |
| २६ | श्रेणीविहिन | १६५ |
| २७ | थाहा नभएको | २ |
| **जम्मा** | | **६९१५** |


### २.१.४. प्राविधिक र अप्राविधिक निजामती कर्मचारी संख्या

| क्र.सं. | प्रकार | संख्या |
|---|---|---|
| १ | प्राविधिक | ५३०३ |
| २ | अप्राविधिक | १५७५ |
| ३ | अन्य | ३७ |
| | **जम्मा** | **६९१५** |




## २.२. सुरक्षा निकाय

| क्र.सं. | सुरक्षा निकाय | संख्या |
|---|---|---|
| १ | नेपाल सेना | २२६९ |
| २ | नेपाल प्रहरी | ९४८२ |
| ३ | सशस्त्र प्रहरी बल | ५४७४ |
| ४ | राष्ट्रिय अनुसन्धान विभाग | २६२ |
| | **जम्मा** | १७४८७ |



### २.२.१. नेपाली सेना[२]

| क्र.सं. | पद | संख्या |
|---|---|---|
| १ | रथीवृन्द तथा अधिकृत स्तर | ९३ |
| २ | पदिक तथा अन्य दर्जा | २१७६ |
| **जम्मा** | | **२२६९** |

### २.२.२. नेपाल प्रहरी[३]

| क्र.सं. | पद | संख्या |
|---|---|---|
| १ | प्रअमनि | १ |
| २ | प्रनामनि | २ |
| ३ | प्रवउ | ६ |
| ४ | प्रउ | ५ |
| ५ | प्रनाउ | २५ |
| ६ | प्रनि | ११९ |
| ७ | प्रवनानि | ७४ |
| ८ | प्रनानि | २३७ |
| ९ | प्रसनि | १०२६ |
| १० | प्रवह | ५५७ |
| ११ | प्रह | १४९२ |
| १२ | प्रसह | १८४६ |
| १३ | प्रज | ३८५९ |
| १४ | प्रकास | २३३ |
| **जम्मा** | | **९४८२** |

2 नेपाल सरकार रक्षा मन्त्रालय, सिंहदरबार काठमाडौंले ०८० जेष्ठ १७ गते च.नं. ६८६ तथा नेपाली सेना, जंङ्गी अड्डाले ०८० जेष्ठ १४ गते प.स. ४१३ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

3 नेपाल सरकार गृह मन्त्रालय, नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंले ०७९ चैत्र ६ गते च.नं. ८४०० को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

## २.२.३. राष्ट्रिय अनुसन्धान विभाग[४]

| क्र.सं. | पद | संख्या |
|---|---|---|
| १ | राप प्रथम श्रेणी | ३ |
| २ | राप द्धितिय श्रेणी | १४ |
| ३ | राप तृतिय श्रेणी | १२ |
| ४ | रापअन प्रथम | २८ |
| ५ | रापअन द्धितिय | ७८ |
| ६ | रापअन तृतिय | ४३ |
| ७ | रापअन चतुर्थ | ८४ |
| | **जम्मा** | २६२ |

## २.२.४. सशस्त्र प्रहरी बल[५]

| क्र.सं | पद | संख्या |
|---|---|---|
| १ | अधिकृत तथा सहायक स्तर (**जम्मा**) | **५४७४** |

---

[४] नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, राष्ट्रिय अनुसन्धान विभाग, सिंहदरबार काठमाडौंले ०८० बैशाख २७ गते च.नं. १६७३ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[५] नेपाल सरकार गृह मन्त्रालय, सशस्त्र प्रहरी बल, प्रधान कार्यालय, स्वयम्भू हल्चोक, काठमाडौंले ०८० बैशाख ०४ गते प.स. ३३०२ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

## २.३. संवैधानिक आयोग

| क्र.सं. | आयोगको नाम | पदाधिकारी | कर्मचारी |
|---|---|---|---|
| १ | लोक सेवा आयोग [६] | १ | २४ |
| २ | महालेखापरिक्षकको कार्यालय [७] | ० | ३३ |
| ३ | मधेशी आयोग [८] | ५ | २ |
| ४ | महिला आयोग [९] | १ | ३ |
| ५ | राष्ट्रिय मानवअधिकार आयोग [१०] | १ | ३२ |
| ६ | मुस्लिम आयोग [११] | ० | ० |
| ७ | राष्ट्रिय समावेशी आयोग [१२] | ० | ० |
| ८ | राष्ट्रिय दलित आयोग [१३] | ० | ० |
| | **जम्मा** | **८** | **९४** |

## २.४. संसद सचिवालय

| क्र.सं. | संसद | सांसद संख्या | कर्मचारी संख्या |
|---|---|---|---|
| १ | संघीय संसद [१४] | ६९ | १७ |
| २ | मधेश प्रदेश [१५] | ९९ | ६२ |
| **जम्मा** | | **१६८** | **७९** |

---

६ लोक सेवा आयोग, कमलपोखरी काठमाडौंले ०८० बैशाख २१ गते च.नं. ८८४ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

७ महालेखा परिक्षकको कार्यालय, बबरमहल काठमाडौंले ०७९ चैत्र २६ गते च.नं. ६५२ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

८ मधेशी आयोग, ज्वागल ललितपुरले ०८० बैशाख ३१ गते च.नं. १८९ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

९ राष्ट्रिय महिला आयोग, भद्रकाली प्लाजा, काठमाडौंले ०८० बैशाख २७ गते च.नं. ११६१ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

१० राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन ललितपुरले ०८० बैशाख ०४ गते च.नं. १२२७ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

११ मुस्लिम आयोग, जावलाखेल ललितपुरले ०८० बैशाख १३ गते च.नं. ३५८ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

१२ राष्ट्रिय समावेशी आयोग, पुलचोक ललितपुरले ०७९ चैत्र २६ गते च.नं. २३० को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

१३ राष्ट्रिय दलित आयोग, कुपण्डोल ललितपुरले ०७९ चैत्र २८ गते च.नं. ४९६ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

१४ संघीय संसद सचिवालय, सिंहदरबार काठमाडौंले ०८० बैशाख १२ गते च.नं. १५२ तथा ०७९ चैत्र २७ गते च.नं. ७२७ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

१५ प्रदेश सभा सचिवालय, मधेश प्रदेश जनकपुरधामले मिति ०८० बैशाख १२ गते च.नं. ६३६ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

## २.५. सञ्चार क्षेत्र

| क्र.सं. | सञ्चार संस्था | कर्मचारी संख्या |
|---|---|---|
| १ | राष्ट्रिय समाचार समिति (रासस) [१६] | ३२ |
| २ | रेडियो नेपाल [१७] | ६६ |
| ३ | गोरखापत्र संस्थान [१८] | १७ |
| ४ | नेपाल टेलिभिजन [१९] | ६३ |
| | **जम्मा** | **१७८** |

## २.६. वित्तिय संस्था

| क्र.सं. | बैंकको नाम | कर्मचारी संख्या | कैफियत |
|---|---|---|---|
| १ | नेपाल राष्ट्र बैंक [२०] | १३६ | १२.११ % |
| २ | कृषि विकास बैंक [२१] | २२१ | |
| ३ | नेपाल बैंक लि. [२२] | ३७८ | |
| | | **७३५** | |

[१६] राष्ट्रिय समाचार समिति, सिंहदरबार प्लाजा, काठमाडौंले ०७९ चैत्र २७ गते च.नं. २८५ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[१७] नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, रोडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल), सिंहदरबार काठमाडौंले ०८० वैशाख १५ गते च.नं. २० को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[१८] गोरखापत्र संस्थान, धर्मपथ काठमाडौंले ०७९ चैत्र २६ गते च.नं. १७६९ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[१९] नेपाल टेलिभिजन, सिंहदरबार काठमाडौंले ०८० वैशाख १४ गते च.नं. १५५१ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[२०] नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, बालुवाटार, काठमाडौंले ०८० जेष्ठ १ गते  च.नं. ११०५ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[२१] कृषि विकास बैंक लि., मुख्य कार्यालय काठमाडौंले ०८० बैशाख २६ गते च.नं. ४१७ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[२२] नेपाल बैंक लि., प्रधान कार्यालय, धर्मपथ काठमाडौंले ०८० जेष्ठ  ४ गते च.नं. ७७९ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

## २.७. संघीय स्तरका विभिन्न कार्यालय

| क्र.सं. | कार्यालयको नाम | कर्मचारी संख्या | कैफियत |
|---|---|---|---|
| १ | वन तथा वातावरण मन्त्रालय [२३] | ३ | |
| २ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग[२४] | १५३ | ७.८७ % |
| ३ | वन तथा भू-संरक्षण विभाग [२५] | १२२ | |
| ४ | नेपाल पुरातात्विक विभाग [२६] | २ | |
| ५ | हुलाक सेवा विभाग [२७] | २ | |
| ६ | शिक्षक सेवा आयोग केन्द्रीय कार्यालय [२८] | १ | |
| ७ | त्रिभुवन विश्वविद्यालय, रजिष्ट्रारको कार्यालय [२९] | ६१६ | |
| ८ | रेल विभाग [३०] | ११ | |
| **जम्मा** | | ६५० | |

[२३] नेपाल सरकार वन तथा वातावरण मन्त्रालय, सिंहदरबार काठमाडौंले ०८० जेष्ठ १९ गते च.नं. १४८७ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[२४] नेपाल सरकार वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल काठमाडौंले ०८० जेष्ठ २४ गते च.नं. ३३६९ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[२५] नेपाल सरकार वन तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग, बबरमहल काठमाडौंले ०८० जेष्ठ २१ गते च.नं. ४४० को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[२६] नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय, पुरातािव विभाग, रामशाह पथ काठमाडौंले ०८० जेष्ठ २० गते च.नं. १७७ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[२७] नेपाल सरकार सूचना तथा सञ्चार प्रविधि मन्त्रालय, हुलाक सेवा विभाग बबरमहल, काठमाडौंले ०८० जेष्ठ ७ गते च.नं. १३७२ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[२८] नेपाल सरकार संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय किताबखाना (शिक्षक), म्यूजियम मार्ग छाउनी, काठमाडौंले ०८० जेष्ठ १९ गते च.नं. ५५९३ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[29] त्रिभुवन विश्वविद्यालय, राजिष्ट्रारको कार्यालय, कीर्तिपुर काठमाडौंले ०८० जेष्ठ ३१ गते च.नं. ६०१५ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[30] नेपाल भौतिक पूर्वाधार तथा यातायत मन्त्रालय, रेल विभाग, विशालनगर काठमाडौंले ०८० जेष्ठ २९ गते च.नं. ४३१ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

## २.८. संस्थान, बोर्ड, परिषद्हरू

| क्र.सं. | कार्यालयको नाम | कर्मचारी संख्या |
|---|---|---|
| १ | दुग्ध विकास संस्थान [३१] | १४३ |
| २ | नेपाल वायु सेवा निगम [३२] | १४१ |
| ३ | नेपाल आयल निगम लि. [३३] | ९० |
| ४ | नेपाल पर्यटन वोर्ड [३४] | ४ |
| ५ | राष्ट्रिय खेलकुद परिषद् [३५] | ८१ |
| ६ | सांस्कृतिक संस्थान [३६] | ३ |
| ७ | नेपाल प्रज्ञा प्रतिष्ठान [३७] | ६ |
| ३ | नेपाल कृषि अनुसन्धान परिषद् [३८] | १८६ |
| | **जम्मा** | **५६४** |

## २.९. प्रदेशस्तरीय कार्यालय

| क्र.सं. | कार्यालयको नाम | कर्मचारी संख्या |
|---|---|---|
| १ | महिला बालबालिका तथा खेलकुद मन्त्रालय (मधेश प्रदेश) [३९] | ७ |

[३१] दुग्ध विकास संस्थान, लैनचौर काठमाडौंले ०८० वैशाख ५ गते च.नं. १७४६ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा

[३२] नेपाल वायु सेवा निगम, काठमाडौंले ०८० वैशाख ७ गते इमेल मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[३३] नेपाल आयल निगम लि., केन्द्रीय कार्यालय, बबरमहल काठमाडौंले ०७९ चैत्र २६ गते च.नं. ५६११ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[३४] नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप काठमाडौंले ०८० वैशाख २५ गते पठाएको च.नं. १६१ को पत्र मार्फत उपलब्ध विवरणको आधारमा ।

[३५] नेपाल खेलकूद परिसर, त्रिपुरेश्वर काठमाडौंले ०८० वैशाख २८ गते च.नं. ११७० को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[३६] सांस्कृतिक संस्थान, जमल काठमाडौंले ०८० जेष्ठ ७ गते च.नं. २३३ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[३७] नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी काठमाडौंले ०८० जेष्ठ ८ गते च.नं. १४२७ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा

[३८] नेपाल कृषि अनुसन्धान परिषद्,काठमाडौंले ०८० जेष्ठ ७ गते च.नं. २७७१ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[३९] मधेश प्रदेश सरकार महिला, बालबालिका, युवा तथा खेलकूद मन्त्रालय, जनकपुरधामले ०७९ चैत्र १४ गते च.नं. ६४८ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

## २.१०. जिल्लास्तरीय कार्यालय

| क्र.सं. | कार्यालयको नाम | कर्मचारी संख्या |
|---|---|---|
| १ | जिल्ला प्रहरी कार्यालय, धनुषा [४०] | ६९४ |
| २ | जिल्ला प्रशासन कार्यालय, महोत्तरी [४१] | २१ |
| ३ | जिल्ला प्रहरी कार्यालय, महोत्तरी [४२] | ४४८ |
| | जम्मा | ११६३ |

## २.११. स्थानीय तह[४३]

| क्र.सं | स्थानीय तह | प्रशासन (स्वास्थ्यसहित) | शिक्षक संख्या | जम्मा |
|---|---|---|---|---|
| १ | मनराशिसवा नगरापलिका, महोत्तरी | १०१ | २२४ | ३२५ |
| २ | गोकुलगंगा गाउँपालिका, रामेछाप | १२ | ५ | १७ |
| ३ | देवदह नगरपालिका, रुपन्देही | ५० | २२८ | २७८ |
| ४ | तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी | ११३ | १६१ | २७४ |
| ५ | पुतलीबजार नगरपालिका, स्याङ्जा | १ | ६ | ७ |
| ६ | सान्नी त्रिवेणी गाउँपालिका, कालिकोट | २ | ८ | १० |
| ७ | चामे गाउँपालिका, मनाङ | ८ | १ | ९ |
| ८ | शहीदभूमी गाउँपालिका, धनकुटा | ६ | ४ | १० |
| ९ | देवघाट गाउँपालिका, तनहु | ४ | १२ | १६ |
| १० | इन्द्रसरोवर गाउँपालिका, मकवानपुर | २ | ४ | ६ |
| ११ | विगु गाउँपालिका, दोलखा | १४ | ३१ | ४५ |
| १२ | तिनपाटन गाउँपालिका, सिन्धुली | १० | १३ | २३ |
| १३ | इलाम नगरपालिका | ७ | ७ | १४ |
| १४ | विहादी गाउँपालिका, पर्वत | ११ | १३ | २४ |
| १५ | वुटवल उपमहानगरपालिका, रुपन्देही | | ५८ | ५८ |
| १६ | चौदण्डीगढी नगरपालिका, उदयपुर | | ३८ | ३८ |

[४०] नेपाल सरकार गृह मन्त्रालय, जिल्ला प्रहरी कार्यालय धनुषाले ०७९ चैत्र २२ गते पठाएको पत्रको विवरणको आधारमा ।

[४१] नेपाल सरकार गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय महोत्तरीले ०८० वैशाख १५ गते च.नं. ५०७६ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[४२] नेपाल सरकार गृह मन्त्रालय, जिल्ला प्रहरी कार्यालय महोत्तरीले ०८० वैशाख ३ गते च.नं. ४१३४ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[४३] सम्पूर्ण ७५३ स्थानीय थहमा पत्रचार गर्दा प्रतिवेदन तयार पार्दासम्म ५७ पालिकासम्मको विवरण उपलब्ध भएकोले उक्त विवरणहरु यसै प्रतिवेदनका साथ अनुसूची ४ मा संलग्न गरिएको छ ।

| क्र.सं | स्थानीय तह | प्रशासन (स्वास्थ्यसहित) | शिक्षक संख्या | जम्मा |
|---|---|---|---|---|
| १७ | माङ्सेबुङ गाउँपालिका, इलाम | | १८ | १८ |
| १८ | बेलबारी नगरपालिका, मोरङ | | १५ | १५ |
| १९ | फिदिम नगरपालिका, पाँचथर | | ८ | ८ |
| २० | गोदावरी नगरपालिका, कैलाली | | ३ | ३ |
| २१ | फुंलिन नगरपालिका, ताप्लेजुङ | | ६ | ६ |
| २२ | नागार्जुन नगरपालिका, काठमाडौं | | ७ | ७ |
| २३ | रुपाकोट गाउँपालिका, कास्की | | ३ | ३ |
| २४ | नेत्रावती डबजोङ गाउँपालिका, धादिङ | | ८ | ८ |
| २५ | भक्तपुर नगरपालिका, भक्तपुर | | ३ | ३ |
| २६ | लिशंखुपाखर गाउँपालिका, सिन्धुपाल्चोक | | १० | १० |
| २७ | खैरहनी नगरपालिका, चितवन | २ | | २ |
| २८ | कपिलवस्तु नगरपालिका, | ८८ | | ८८ |
| २९ | बेलबारी नगरपालिका, झापा | | २ | २ |
| ३० | चापाकोट नगरपालिका, स्याङ्जा | | ११ | ११ |
| ३१ | बुढानिलकण्ठ नगरपालिका, काठमाडौं | | ५ | ५ |
| ३२ | दुधपोखरी गाउँपालिका, लमजुङ | | ५ | ५ |
| ३३ | कागेश्वरी मनोहरा नगरपालिका, काठमाडौं | | २८ | २८ |
| ३४ | बेलबारी नगरपालिका, मोरङ | | १५ | १५ |
| ३५ | कचनकवल गाउँपालिका, झापा | ८ | ९ | १७ |
| ३६ | घोराही नगरपालिका, दाङ | | ३ | ३ |
| ३७ | कन्कासुन्दरी गाउँपालिका, जुम्ला | २ | ३ | ५ |
| ३८ | सिदिङ्वा गाउँपालिका, ताप्लेजुङ | ६ | १५ | २१ |
| ३९ | वाणगंगा नगरपालिका, कपिलवस्तु | ३ | ६ | ९ |
| ४० | खाडाचक्र नगरपालिका, कालिकोट | | ८ | ८ |
| ४१ | मुड्केचुला गाउँपालिका, डोल्पा | ३ | ३ | ६ |
| ४२ | ठोरी गाउँपालिका, पर्सा | २४ | ४७ | ७१ |
| ४३ | भीरकोट नगरपालिका, स्याङ्जा | ५ | ७ | १२ |
| ४४ | कटहरी गाउँपालिका, मोरङ | | | २८१ |
| ४५ | ललितपुर महानगरपालिका | | | २९ |
| ४६ | सुनकोसी गाउँपालिका, सिन्धुली | | | २० |
| ४७ | धुनिवेसी नगरपालिका, धादिङ | ५ | ४ | ९ |

| क्र.सं | स्थानीय तह | प्रशासन (स्वास्थ्यसहित) | शिक्षक संख्या | जम्मा |
|---|---|---|---|---|
| ४८ | आवुखैरेनी गाउँपालिका | ५ | २ | ७ |
| ४९ | सन्धिखर्क नगरपालिका, अर्गाखाँची | १ | ६ | ७ |
| ५० | लहान नगरपालिका, सिरहा | | | २६२ |
| ५१ | पाखिबास नगरपालिका, धनकुटा | | | ७ |
| ५२ | कुश्मा नगरपालिका, पर्वत | २ | १ | ३ |
| ५३ | पाताराशी गाउँपालिका, जुम्ला | | | २ |
| ५४ | तुम्बेवा गाउँपालिका, पाँचथर | | | २० |
| ५५ | गेरुवा गाउँपालिका, वर्दिया | १ | ३ | ४ |
| ५६ | गोलन्जोर गाउँपालिका | ३ | १८ | २१ |
| ५७ | गौर नगरपालिका, रौतहट | २०९ | – | २०९ |
| | **जम्मा** | **६५८** | **१७७६** | **२४२४** |

## २.१२. सारांशमा तथ्यांक

| क्र.सं | कार्यालय/संस्थान/प्राधिकरण | संख्या |
|---|---|---|
| १ | निजामती कर्मचारी | **६,९१३** |
| २ | सुरक्षा निकाय (सेना, प्रहरी, सशस्त्र, अनुसन्धान) | **१७,४८७** |
| ३ | सरकारी संचार गृह (रासस, नेपाल टेलिभिजन, रेडियो नेपाल, गोरखापत्र) | **१७८** |
| ४ | वित्तिय संस्था (राष्ट्र बैंक, नेपाल बैंक, कृषि विकास) | **७३५** |
| ५ | स्थानीय तह (५७ पालिका) | **२४२४** |
| ६ | संस्थान वोर्ड परिषद् (८ वटा) | **६५४** |
| ७ | वन तथा वातावरण क्षेत्र | **२७८** |
| ८ | संवैधानिक आयोग (८ वटा) | **९४** |
| ९ | संघीय संसद सचिवालय | **१७** |
| १० | प्रदेश सभा सचिवालय, मधेश प्रदेश | **६२** |
| ११ | त्रिभुवन विश्वविद्यालय रेजिष्ट्रारको कार्यालय | **३६६** |
| १२ | रेल विभाग | **३०** |

# ३. अध्ययनका समस्या र चुनौतीहरू

अध्ययनको सुरुवातदेखी यो प्रतिवेदन तयार पार्दासम्म केही समस्या र चुनौतीहरु अध्ययनकर्ता टिमले भोग्नुपरेको छ । जुन यस प्रकार छन् :

१) प्रथम स्रोतको बारेमा सम्पूर्ण रुपमा संकलित तथ्यांक र जानकारी आइनपुग्नु,

२) आयोगको आधिकारिक पत्र पठाउँदासमेत विभिन्न निकायबाट अनावश्यक कागजात माग गरी दुख दिनु र बुझाउँदा पनि तथ्यांक उपलब्ध नगराउनु,

३) विभिन्न माध्यमबाट सम्पर्क गरी बारम्बारको भौतिक उपस्थितिमा छलफल हुँदा पनि सहोगात्मक समन्वय नहुनु ।

४) मधेश प्रदेश क्षेत्रका स्थानीय तहबाट सूचना र तथ्यांक कम आउनु ।

# ४. निष्कर्ष

अध्ययनबाट मधेशी समुदायको उपस्थिति मुलुकभरका अधिकांश स्थानीय तहमा देखिन्छ । सातै प्रदेशका अधिकांश स्थानीय तहका प्रशासन, स्वास्थ्य, शिक्षा आदि क्षेत्रमा मधेशीहरुको उपस्थितिले उक्त क्षेत्रमा अब्बलता देखिन्छ । मधेश प्रदेशसँगै देशभरका स्थानीय कार्यालय प्राविधिक क्षेत्र बाहेक पनि अन्य सबै क्षेत्रमा पनि मधेशीको पहुँच रहेको अध्ययनले देखाउछ । नेपाली सेनामा करिब ३ प्रतिशत मधेशी संख्या भएपनि सेनाको माथिल्लो दर्जामा केही संख्यामा मधेशी पुग्नु भविष्यको लागि आशाको रुपमा चित्रित गर्न सकिन्छ ।

मधेशी आयोगसँगको सम्झौतापश्चात् करिब ३ महिनाको अध्ययनले यो अध्ययनको समयसीमा कम रहेको प्रष्ट निष्कर्ष निकाल्न सकिन्छ । मधेशी समुदायको पहुँच निजामती कर्मचारी क्षेत्रमा मात्र नभई देशभरका सरकारी निकाय, वित्तिय संस्था, संस्थान आदिहरुमा रहेको छ । अझ देश संघीयतामा गइसकेपछि प्रदेश र स्थानीय तहलाई कर्मचारी राख्ने अधिकार दिइएको कारणले सबै क्षेत्रलाई समेटेर अध्ययन गर्न सकिएमा मात्र वास्तविक तथ्यांक आउँछ । त्यसैले पनि अध्ययनको कार्यक्षेत्र र प्रकृया पूरा गर्न यथेष्ट समयसीमा, स्रोतसाधन र समन्वय आवश्यक रहेको छ । यसका लागि आयोग गम्भीर हुनु जरुरी देखिन्छ । यस्तो गम्भीर विषयमा हाल भएको अध्ययन अनुसन्धान निक्कै कम भएकोले यसलाई भविष्यमा संख्यात्मक र

गुणात्मक रुपमा वृद्धि गरी हरेक क्षेत्रका मधेशीको उपस्थितिको अध्ययन गर्नुपर्ने देखिएको छ। यो अध्ययन शुरुवात हो र यसको निरन्तरता हुनु जरुरी छ। अध्ययनबाट मुख्य रुपमा निम्नानुसारको निष्कर्ष निकाल्न सकिन्छ।

- तथ्यांकमा सबैभन्दा बढी अर्थात् १२.११ कर्मचारीको अनुपात नेपाल राष्ट्र बैंकमा रहेको छ। यसैगरी निजामतीतर्फ कुल कर्मचारीको ८ प्रतिशत र नेपाल प्रहरीको १२ प्रतिशत मधेशी रहेका छन्।
- कृषि, शिक्षा, प्राविधि र वित्तिय क्षेत्रमा मधेशी समुदायको पहुँच उत्साहजनक नभएपनि सन्तोषजनक छ।
- न्याय, प्रशासन क्षेत्रमा पहुँच न्यून देखिन्छ।
- देशभरका सबैजसो स्थानीय तहमा मधेशी समुदायका कर्मचारी पुगेको तथ्यांकले देखाउँछ।

# ५. सुझाव तथा सिफारिस

यो अध्ययन विविध सीमाका कारण पूर्ण हुन नसकेको निष्कर्ष निकाल्न सकिन्छ। तसर्थः भविष्यमा यो अध्ययनलाई अझ बढी फराकिलो दायरामा पूर्णता दिन कम्तिमा बर्षदिनको समय र यथेष्ट आर्थिक स्रोतसहित पुनः अध्ययन गुर्नपर्ने आवश्यकता सहित सिफारिस गरिन्छ। अध्ययनबाट प्राप्त भएको निष्कर्षबाट मधेशी आयोग तथा सरोकारवाला निकायहरुलाई निम्नानुसारको अतिरिक्त सुझाव तथा सिफारिस पनि गरिएको छ।

- निजामती तथा अन्य सेवाका क्षेत्रमा मधेशी समुदायको आकर्षण बढाउन अभियान संचालन गर्नुहुन,
- विभिन्न संघीय कार्यालय, आयोग, निकाय, प्रादेशिक निकाय, मधेश क्षेत्रमा रहेको कार्यालय, जिल्लास्तरीय कार्यालय, स्थानीय तहसँग मधेशी आयोगले समन्वय बढाउनुहुन,
- अध्ययनमा सहजताका लागि भरपर्दो साधन र स्रोतको व्यवस्था उपलब्ध गराउनुहुन,
- अध्ययन र अनुसन्धानलाई निरन्तर जारी राख्नुहुन वा अनुसन्धानकर्तालाई विज्ञको रुपमा आधिकारीक आवद्धता दिनुहुन।

# अनुसूची -१

## पत्राचार गरिएका सरकारी निकाय र संघ संस्थाहरू

**निजामती**

- राष्ट्रिय किताबखाना (निजामती)
- राष्ट्रिय किताबखाना (शिक्षक)

**सुरक्षा निकाय**

- नेपाल प्रहरी
- नेपाली सेना
- राष्ट्रिय अनुसन्धान विभाग
- सशस्त्र प्रहरी बल

**संवैधानिक आयोग**

- लोक सेवा आयोग
- महालेखा परिक्षकको कार्यालय
- मधेशी आयोग
- राष्ट्रिय महिला आयोग
- राष्ट्रिय मानवअधिकार आयोग
- मुस्लिम आयोग
- राष्ट्रिय समावेशी आयोग
- राष्ट्रिय दलित आयोग
- निर्वाचन आयोग
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
- आदिवासी जनजाति आयोग
- थारु आयोग
- राष्ट्रिय योजना आयोग
- भाषा आयोग
- नेपाल कानून आयोग

**संसद सचिवालय**

- संघीय संसद सचिवालय, काठमाडौं
- संसद सचिवालय, कोशी प्रदेश
- संसद सचिवालय, मधेश प्रदेश
- संसद सचिवालय, वागमती प्रदेश
- संसद सचिवालय, गण्डकी प्रदेश
- संसद सचिवालय, लुम्बिनी प्रदेश
- संसद सचिवालय, कर्णाली प्रदेश
- संसद सचिवालय, सुदूरपश्चिम प्रदेश

**विभिन्न सरकारी कार्यालय**

- राष्ट्रपतिको कार्यालय
- उपराष्ट्रपतिको कार्यालय
- प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
- नेपाल पुरातात्विक विभाग
- अर्थ मन्त्रालय
- सर्वोच्च अदालत
- महान्यायाधिवक्ताको कार्यालय
- हुलाक सेवा विभाग
- नापी विभाग
- वन विभाग
- भन्सार विभाग
- मुद्रण विभाग
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
- वातावरण विभाग
- वन तथा वातावरण मन्त्रालय
- शिक्षक सेवा आयोग
- केन्द्रीय तथ्यांक विभाग
- स्वास्थ्य मन्त्रालय
- स्वास्थ्य सेवा विभाग
- रेल विभाग
- त्रिभुवन विश्वविद्यालय रजिष्ट्रारको कार्यालय

**सञ्चार माध्यम**

- राष्ट्रिय समाचार समिति
- गोरखापत्र संस्थान
- रेडियो नेपाल
- नेपाल टेलिभिजन
- प्रेस काउन्सिल नेपाल

**वित्तिय संस्था**

- नेपाल राष्ट्र बैंक
- नेपाल बैंक लि.
- कृषि विकास बैंक लि.
- राष्ट्रिय वाणिज्य बैंक

**संस्थान तथा बोर्ड**

- दुग्ध विकास संस्थान
- नेपाल टेलिकम
- नेपाल आयल निगम
- नेपाल विद्युत प्राधिकरण
- नेपाल खानेपानी संस्थान
- नेपाल वायुसेवा निगम
- राष्ट्रिय बीमा संस्थान
- नेपाल पर्यटन बोर्ड
- नेपाल चलचित्र विकास वोर्ड
- राष्ट्रिय खेलकुद परिषद्
- सास्कृतिक संस्थान
- नेपाल औषधी लिमिटेड
- नेपाल प्रज्ञा प्रतिष्ठान
- राष्ट्रिय विज्ञान तथा प्रविधी प्रज्ञा प्रतिष्ठान (नाष्ट)
- अखिल नेपाल फुटवल महासंघ (एन्फा)
- नेपाल क्रिकेट संघ (क्यान)
- नेपाल इञ्जिनियरिङ्ग काउन्सिल
- नेपाल मेडिकल काउन्सिल
- प्राविधिक तथा व्यावसायिक तालिम केन्द्र (सिटिइभिटी)
- चिकित्साशास्त्र अध्ययन संस्थान, नेपाल
- नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)

**प्रदेशस्तरीय कार्यालय**

- नेपाल विद्युत प्राधिकरण कोशी प्रदेश
- नेपाल विद्युत प्राधिकरण मधेश प्रदेश
- महिला बालबालिका तथा खेलकुद मन्त्रालय, मधेश प्रदेश

**जिल्लास्तरिय कार्यालय**

- जिल्ला प्रशासन कार्यालय, महोत्तरी
- जिल्ला प्रहरी कार्यालय, महोत्तरी
- जिल्ला प्रहरी कार्यालय, धनुषा

**पालिकास्तरीय कायालय**

- ७५३ स्थानीय तह

# अनुसूची २

## सरकारी निकाय र संघसंस्थाहरुबाट प्राप्त विवरणको नामावली

### निजामती

- राष्ट्रिय किताबखाना (निजामती)
- राष्ट्रिय किताबखाना (शिक्षक)

### सुरक्षा निकाय

- नेपाल प्रहरी
- नेपाली सेना
- राष्ट्रिय अनुसन्धान विभाग
- सशस्त्र प्रहरी बल

### संवैधानिक आयोग

- लोक सेवा आयोग
- महालेखा परिक्षकको कार्यालय
- मधेशी आयोग
- राष्ट्रिय महिला आयोग
- राष्ट्रिय मानवअधिकार आयोग
- मुस्लिम आयोग
- राष्ट्रिय समावेशी आयोग
- राष्ट्रिय दलित आयोग

### संसद सचिवालय

- संघीय संसद सचिवालय, काठमाडौं
- संसद सचिवालय, मधेश प्रदेश

**विभिन्न सरकारी कार्यालय**

- नेपाल पुरातात्विक विभाग
- हुलाक सेवा विभाग
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
- वन तथा भू-संरक्षण विभाग
- वन तथा वातावरण मन्त्रालय
- त्रिभुवन विश्वविद्यालय, रजिष्ट्रारको कार्यालय
- रेल विभाग सञ्चार माध्यम
- राष्ट्रिय समाचार समिति
- गोरखापत्र संस्थान
- रेडियो नेपाल
- नेपाल टेलिभिजन

**वित्तिय संस्था**

- नेपाल राष्ट्र बैंक
- नेपाल बैंक लि.
- कृषि विकास बैंक लि.
- राष्ट्रिय वाणिज्य बैंक

**संस्थान तथा बोर्ड**

- दुग्ध विकास संस्थान
- नेपाल आयल निगम
- नेपाल वायुसेवा निगम
- नेपाल पर्यटन बोर्ड
- राष्ट्रिय खेलकुद परिषद्
- सास्कृतिक संस्थान
- नेपाल प्रज्ञा प्रतिष्ठान
- नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)

**प्रदेशस्तरीय कार्यालय**

- महिला बालबालिका तथा खेलकुद मन्त्रालय, मधेश प्रदेश

## जिल्लास्तरीय कार्यालय

- जिल्ला प्रशासन कार्यालय, महोत्तरी
- जिल्ला प्रहरी कार्यालय, महोत्तरी
- जिल्ला प्रहरी कार्यालय, धनुषा

## पालिकास्तरीय कार्यालय

- ७५३ स्थानीय तहमा ५७ पालिकाको विवरण प्राप्त
    - मनराशिसवा नगरापलिका, महोत्तरी
    - गोकुलगंगा गाउँपालिका, रामेछाप
    - देवदह नगरपालिका, रुपन्देही
    - तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी
    - पुतलीबजार नगरपालिका, स्याङ्जा
    - सान्नी त्रिवेणी गाउँपालिका, कालिकोट
    - चामे गाउँपालिका, मनाङ
    - शहीदभूमी गाउँपालिका, धनकुटा
    - देवघाट गाउँपालिका, तनहु
    - इन्द्रसरोवर गाउँपालिका, मकवानपुर
    - विगु गाउँपालिका, दोलखा
    - तिनपाटन गाउँपालिका, सिन्धुली
    - इलाम नगरपालिका
    - विहादी गाउँपालिका, पर्वत
    - वुटवल उपमहानगरपालिका, रुपन्देही
    - चौदण्डीगढी नगरपालिका, उदयपुर
    - माङ्सेबुङ गाउँपालिका, इलाम
    - बेलबारी नगरपालिका, मोरङ
    - फिदिम नगरपालिका, पाँचथर
    - गोदावरी नगरपालिका, कैलाली
    - फुंलिन नगरपालिका, ताप्लेजुङ
    - नागार्जुन नगरपालिका, काठमाडौं
    - रुपाकोट गाउँपालिका, कास्की
    - नेत्रावती डबजोङ गाउँपालिका, धादिङ
    - भक्तपुर नगरपालिका, भक्तपुर
    - लिशंखुपाखर गाउँपालिका, सिन्धुपाल्चोक
    - खैरहनी नगरपालिका, चितवन
    - कपिलवस्तु नगरपालिका,

- बेलबारी नगरपालिका, झापा
- चापाकोट नगरपालिका, स्याङ्जा
- बुढानिलकण्ठ नगरपालिका, काठमाडौं
- दुधपोखरी गाउँपालिका, लमजुङ
- कागेश्वरी मनोहरा नगरपालिका, काठमाडौं
- बेलबारी नगरपालिका, मोरङ
- कचनकवल गाउँपालिका, झापा
- घोराही नगरपालिका, दाङ
- कन्कासुन्दरी गाउँपालिका, जुम्ला
- सिदिङ्वा गाउँपालिका, ताप्लेजुङ
- वाणगंगा नगरपालिका, कपिलवस्तु
- खाडाचक्र नगरपालिका, कालिकोट
- मुड्केचुला गाउँपालिका, डोल्पा
- ठोरी गाउँपालिका, पर्सा
- भीरकोट नगरपालिका, स्याङ्जा
- कटहरी गाउँपालिका, मोरङ
- ललितपुर महानगरपालिका
- सुनकोसी गाउँपालिका, सिन्धुली
- धुनिवेसी नगरपालिका, धादिङ
- आवुखैरेनी गाउँपालिका
- सन्धिखर्क नगरपालिका, अर्गाखाँची
- लहान नगरपालिका, सिरहा
- पाख्रिबास नगरपालिका, धनकुटा
- कुश्मा नगरपालिका, पर्वत
- पाताराशी गाउँपालिका, जुम्ला
- तुम्बेवा गाउँपालिका, पाँचथर
- गेरुवा गाउँपालिका, वर्दिया
- गोलन्जोर गाउँपालिका
- गौर नगरपालिका, रौतहट

# अनुसूची ३

# मधेशी आयोग

ज्वागल, ललितपुर

पत्र संख्याः २०७९/८०
चलानी नं. : १०३

फोन नं: ०१-५२६११८५
टोल फ्रि नं: १६६००११६१८५

मधेशी आयोग ज्वागल, ललितपुर

मितिः २०८०/०१/२१

श्री ..............................

.......................................

**विषय : विवरण उपलब्ध गराईदिने बारे ।**

उपरोक्त सम्बन्धमा मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण, सम्बर्द्धन तथा मधेशी समुदायको सशक्तिकरण गर्नका लागि स्थापित यस आयोगले द्वितीय तथ्याङ्कलाई आधार मानी **"राज्यको मूल प्रवाहमा मधेशी समुदायको पहुँच"** सम्बन्धी अध्ययन कार्य गरिरहेको व्यहोरा जानकारी गराउँदछु ।यसै सन्दर्भमा यस आयोगलाई अध्ययन प्रतिवेदन तयार पार्नका लागि विवरण आवश्यक परेको हुँदा यहाँको त्यस कार्यालय वा संस्थामा मधेशी समुदायको उपस्थिति दर्जा अनुसार वा तहगत के कति रहेका छन् सोको विवरण उपलब्ध गराई दिई सहयोग गरिदिन हुन अनुरोध गर्दछु ।

**धन्यवाद !**

सविता डंगोल
...............................
**सविता डंगोल**
**उपसचिव**

**सम्पर्क व्यक्ति**
संजीव सिंह
सम्पर्क नं.९८४१२४५४०४
ईमेल : gurusanjivananda@gmail.com

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

Email: madheshicommission@gmail.com
Website: www.madheshicommission.gov.np
आयोगको हेल्पलाईन नं. ११४८

# अनुसूची ४
# प्राप्त विवरण तथा चिठ्ठी पत्रहरूको नमुना

मनराशिसवा नगरपालिका
Manarashiswa Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive

प.स./Reference No.:२०७९/८०
च.नं./Dispatch No. : २९२४

मधेश प्रदेश नेपाल/ Province No.2,Nepal
मिति/ Date: २०८०।०२।०८

श्री संजिब सिंह
अनामनगर २९ , काठमाण्डौं।

विषय: विवरण उपलब्ध गराईएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा तपाईले मिति २०८०।०१।२९ गते माँग गर्नु भएको सूचना यसै पत्र साथ सलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

२०८०।०२।०८
श्यामदेव महासेठ
नि. प्रमुख प्रशासकीय अधिकृत

मनराशिसवा नगर कार्यपालिका मा कार्यरत स्थायी कर्मचारीहरु

| क्र.सं. | नामथर | पद | कार्यरत शाखा |
|---|---|---|---|
| १ | माधवेन्द्र चौधरी | प्रमुख प्रशासकीय अधिकृत | मनराशिसवा न.पा.कार्यपालिका |
| २ | श्यामदेव महासेठ | अ.छैठौं | प्रशासन एवं योजना शाखा प्रमुख |
| ३ | राकेश कुमार पाण्डेय | ई.छैठौं | प्राविधिक |
| ४ | पुनम कर्ण | सा.पाचौं | राष्ट्रिय परिचयपत्र |
| ५ | दुर्गेश कुमार झा | सा.पाचौं | शिक्षा |
| ६ | रन्जित रौनियार | सव.ई | प्रविधिक |
| ७ | सुनिल मण्डल | सव.ई. | प्रविधिक |
| ८ | जय शंकर मण्डल | प्रा.स. | जिन्सी |
| ९ | गोमा काफ्ले | सा.चौथों | स.म.वि.नि. |
| १० | श्रीप्रसाद यादव | सा.चौथो | लेखा |
| ११ | अम्बरिश कुमार मण्डल | अ.स.ई | प्रविधिक |
| १२ | सरोज कुमार चौधरी | अ.स.ई | प्रविधिक |
| १३ | रमेश कुमार साह | अ.स.ई. | प्रविधिक |
| १४ | ईन्द्र बहादुर तोलाङ्गि | अमिन | |
| १५ | अनिल कुमार सिंह | सि.अ.हे.ब.(अ.) | स्वास्थ्य |
| १६ | रामहित साह | सा.चौथों | न्यायीक |
| १७ | राम चन्द्र राय | जनस्वास्थ्य अ. | स्वास्थ्य |
| १८ | राम प्रताप मण्डल | अ.छैठौं | स्वास्थ्य |
| १९ | श्यामनन्दन सिंह | शिक्षा संयोजक | शिक्षा शाखा |

मधेसी समुदायको स्थायी, करार पदमा कार्यरत कर्मचारीहरुको विवरण

| क्र.स. | नाम थर | क्षेत्र | तह/पद | स्थायी/करार/राहत |
|---|---|---|---|---|
| १ | बिपिन शाह | शिक्षा/गणित | नि.मा.बी. तृतीय | स्थायी |
| २ | दिनेश कुमार यादब | शिक्षा/अंग्रेजी | मा.बी. तृतीय | राहत |
| ३ | एमामुदिन अन्सारी | शिक्षा/बिज्ञान | नि.मा.बी. तृतीय | राहत |
| ४ | सन्तोष कुमार शाह | शिक्षा/गणित | मा.बी. तृतीय | राहत |
| ५ | दिनेश कुमार शाह | शिक्षा/अंग्रेजी | मा.बी. तृतीय | राहत |
| | | | | |
| ६ | जागिर राय | स्वास्थ्य | स्वास्थ्य संयोजक, छैठौं | स्थायी |
| ७ | सरोज कुमार महतो सुडी | पशु सेवा | प्र. स्वा.प्रा. पाचौं | स्थायी |
| | | | | |
| ८ | आदर्श यादब | स्वास्थ्य | मेडिकल अधिकृत | करार |
| ९ | शैलेश यादब | स्वास्थ्य | मेडिकल अधिकृत | करार |
| १० | पुरण शाह | स्वास्थ्य | हेअ, पाचौं | स्थायी |
| ११ | सुधिर कुमार यादब | स्वास्थ्य | हेअ, पाचौं | स्थायी |
| १२ | नितु शहनी | स्वास्थ्य | हेअ, पाचौं | स्थायी |
| १३ | कुलदिप यादब | स्वास्थ्य | अहेब, चौथो | स्थायी |
| १४ | राहुल कुमार यादब | स्वास्थ्य | अहेब, चौथो | स्थायी |
| १५ | बलराम महतो | स्वास्थ्य | अहेब, चौथो | स्थायी |
| १६ | कमोद कुमार शाह | स्वास्थ्य | अहेब, चौथो | स्थायी |
| १७ | अमिर कुमार मण्डल | स्वास्थ्य | अहेब, चौथो | स्थायी |

गोलन्जगगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रस्नालु, रामेछाप बागमती प्रदेश, नेपाल

होम बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा

प.सं.:
च.नं.: ३२४६

गण्डकीप्रदेश,नेपाल
मिति २०८०/०२/०५

श्री संजिव सिंह ज्यु
अनामनगर, २९, 9841245404
काठमाडौं।

विषय: सूचना उपलब्ध गराईएको सम्वन्धमा।

प्रस्तुत विषयमा तपाईले मिति Sun, May 14, 2023 मा ईमेल मार्फत माग गर्नुभएको यस नगरपालकिकामा मधेशी र मुस्लिम समुदायका कर्मचारी, शिक्षक र पदाधिकारी सम्बन्धी विवरण सम्वन्धमा यस कार्यालयको प्रशासन तथा शिक्षा शाखामा रहेको अभिलेख बमोजिम निम्नानुसारको विवरण उपलब्ध गराईएको व्यहोरा जानकारी गरिन्छ।
तपशिल:

१.मधेसी र मुस्लिम समुदायका शिक्षकहरुको विवरण

| क्र.स. | शिक्षकको नाम | विद्यालयको नाम | पद | मधेशी/मुस्लिम | कैफियत |
|---|---|---|---|---|---|
| १. | रिसीराम राय | भारती मा बि पुवनपा ९ | शिक्षक | मधेशी | स्थायी |
| २. | जुनुमाया चौधरी | भारती मा बि पुवनपा ९ | शिक्षक | मधेशी | स्थायी |
| ३ | शिवनारायण चौधरी | मनकामना मा बि पुवनपा १२ | शिक्षक | मधेशी | स्थायी |
| ४ | बिजय कुमार चौधरी | कोल्मा बराहचौर मा बि पुवनपा ९ | शिक्षक | मधेशी | स्थायी |
| ५ | महम्मद हुसैन अली | मातृभूमी मा बि पुवनपा १३ | शिक्षक | मुस्लिम | स्थायी |
| ६ | रसिदा खातुन | काबिमान हरिटिका मा वि | बालिवकास सहजकर्ता | मुस्लिम | करार |
| • | ५ वटा मदरसा विद्यालय रहेको | | | | |

२.मधेसी र मुस्लिम समुदायका कर्मचारीहरुको विवरण

| क्र.स. | शिक्षकको नाम | पद | कार्यालय | मधेशी/मुस्लिम | कैफियत |
|---|---|---|---|---|---|
| १. | बयराम राय | सब इन्जिनियर पाचौ | पुवनपा | मधेशी | स्थायी |

३.मधेसी र मुस्लिम समुदायका प्रतिनिधिहरुको विवरण

| क्र.स. | शिक्षकको नाम | पद | मद | मधेशी/मुस्लिम | कैफियत |
|---|---|---|---|---|---|
| १. | अमिरवक्स मिया | वडा सदस्य | पु व न पा ३ | मुस्लिम | |
| २. | मुवारक मिया | वडा सदस्य | पु व न पा १४ | मुस्लिम | |

पूनश्च यस नगरपालिकाका वडा नं १, ३, १० र १४ लगायतका वडामा मुस्लिम समुदायको वस्ती रहेको व्यहोरा जानकारी गराईन्छ।

ताराचन्द्र ढकाल
सूचना अधिकारी
सूचना अधिकारी

बोधार्थः
श्री राष्ट्रिय सूचना आयोग काठमाडौं

साम्री त्रिवेणी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी-०६, कालीकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

पत्र संख्या: - २०७९/०८० | चलानी नं: - | मिति: - २०८०/०२/०५

**विषय:- सुचना उपलब्ध गराईएको बारे ।**

श्री संजिव सिंह ज्यु
अनामनगर-२९, काठमाण्डौं ।

प्रस्तुत विषयमा मिति २०८०/०१/२९ गते को प्राप्त पत्रानुसार मधेशी आयोगलाई सुझाव दिने प्रतिवेदन बनाउने लगायत अध्ययन कार्यको प्रायोजनका लागि आवश्यक सुचना उपलब्ध गराई पाउँ भनि दिनुभएको निवेदन अनुसार यथार्थ विवरण तपसिल बमोजिम उपलब्ध गराईएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

तपसिल

| क्र.सं | नाम,थर | पद | दर्जा | नियुक्तिको प्रकार | कार्यरत कार्यालय | कै. |
|---|---|---|---|---|---|---|
| १ | श्री दिपेश महतो | कम्प्युटर अपरेटर | पाँचौ तह | स्थायी | साम्री त्रिवेणी गाउँपालिका | |
| २ | श्री दिपेन्द्र प्रसाद कानु | शिक्षक | उ.मा.वि | अस्थायी | श्री पञ्चदेवल मा.वि, मेहलमुडी | |
| ३ | श्री सुनिल कुमार मंडल | शिक्षक | उ.मा.वि | अस्थायी | श्री पञ्चदेवल मा.वि, मेहलमुडी | |
| ४ | श्री राम पुकार महतो | शिक्षक | मा.वि | स्थायी | श्री पञ्चदेवल मा.वि, मेहलमुडी | |
| ५ | श्री संजिव कुमार यादव | शिक्षक | उ.मा.वि | अस्थायी | श्री पञ्चदेवल मा.वि, मेहलमुडी | |
| ६ | श्री मानसिंह बडाल | शिक्षक | उ.मा.वि | अस्थायी | श्री पञ्चदेवल मा.वि, मेहलमुडी | |
| ७ | श्री विजय कुमार ठाकुर | शिक्षक | नि.मा.वि | स्थायी | श्री शंकर मा.वि,सैरिज्युला | |
| ८ | श्री दिनेश यादव | शिक्षक | मा.वि | करार | श्री जनज्योति मा.वि, तिकुवा | |
| ९ | श्री डा. रोशन कुमार राय यादव | मेडिकल अधिकृत | आठौं | करार | आधारभुत अस्पताल, मेहलमुडी | |
| १० | श्री निराजन अधिकारी | सब-ईन्जिनियर | चौथो | स्थायी | साम्री त्रिवेणि गा.पा, वडा नं ०९ | |

नेत्र राज शाही
प्रमुख प्रशासकीय अधिकृत

Website: www.sannitrivenimun.gov.np Email: ito.strm@gmail.com
सम्पर्क नः अध्यक्षः-९८६१९३२९६०,प्रमुख प्रशासकीय अधिकृतः- ९८५८३२०१३६,सूचना अधिकारीः-९८४८३७७०७७,
"व्यावसायिक र सिर्जनशील प्रशासन विकास ,समृद्धि र सुशासन"

"प्रयोगमैत्री संरचना शिक्षा, पर्यटन र कृषि, समतामूलक विकास इन्द्रसरोवरको समृद्धि"
इन्द्रसरोवर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
कुलेखानी, मकवानपुर
बागमती प्रदेश, नेपाल ।

प.स. ०७९/०८०
च.नं. १७४३

मिति:२०८०/०२/०८

श्री संजिव सिंह,
अनामनगर २९, काठमाण्डौ।

विषयः सूचना उपलब्ध गराइएको सम्वन्धमा।

प्रस्तुत विषयमा मिति २०८०/०१/२९ गते माग गर्नुभएको सूचनाको विवरण तपसिल बमोजिम पठाइएको व्यहोरा जानकारी गराइ।

१. यस इन्द्रसरोवर गाउँपालिकामा स्थायी, करार, लगायत शिक्षक पदमा रहेका मधेशी समुदायको उपस्थिति दर्जा अनुसार तहगत रुपमा तपसिल बमोजिम रहेको छ।

तपसिलः

| सि.नं. | नाम | पद | कार्यरत संस्था | कैफियत |
|---|---|---|---|---|
| १ | सत्यनारायण यादव | अ.हे.व | श्री मार्खु स्वास्थ्य चौकी | |
| २ | मनिषा कुमारी यादव | अ.हे.व | श्री फाखेल स्वास्थ्य चौकी | |
| ३ | आशाराम चौधरी | प्रा.वि शिक्षक | श्री भैरव आधारभूत मा.वि | |
| ४ | मनोज गुरौ | मा.वि शिक्षक | श्री सरस्वती बालबोधनी मा.वि | |
| ५ | परमेश्वर शाह | मा.वि शिक्षक | श्री वत्सलादेवी मा.वि | |
| ६ | नुनलाल चौधरी | मा.वि शिक्षक | श्री सरस्वती बालबोधनी मा.वि | |

२. यस गाउँपालिका भित्रका विद्यालय व्यवस्थापन समितिमा मधेशी समूदायको उपस्थिति छैन।

३. यस गाउँपालिका भित्र कुनै पनि संस्थागत विद्यालय सञ्चालनमा रहेको छैन।

दीपक चापागाई
सूचना अधिकारी

दिपक चापागाई
सूचना अधिकारी

Website: indrasarowarmun.gov.np Email: indrasarowarmun@gmail.com

फोन नं : ०७६-५६०२०१

कपिलवस्तु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
तौलिहवा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल
२०७३

प.सं.:२०७९ / ०८० प्र.शा.
च.नं.: ८०६ | मिति:-२०८०/०२/०२

श्री मधेशी आयोग ,
ज्वागल, ललितपुर ।

विषय:- विवरण पठाइएको सम्वन्धमा ।

ताँहा कार्यालयको मिति २०७९/१०/१८ च.नं.१०३ पत्रानुसार यस कार्यालयमा रहेका मधेशी समुदायको उपस्थिति दर्जा अनुसार वा तहगत विवरण तपसिल बमोजिम रहेको व्यहोरा सादर अनुरोध छ।

| क्र.स | दर्जा/तह | संख्या | कैफियत |
|---|---|---|---|
| १ | अधिकृत आठौ | १ (एक) | स्थायी |
| २ | अधिकृत छैठौ | ४ (चार) | स्थायी |
| ३ | अधिकृत छैठौ | ६ (छ) | अस्थायी |
| ४ | सहायक पाँचौ | ४ (चार) | स्थायी |
| ५ | सहायक पाँचौ | ६ (छ) | अस्थायी |
| ६ | सहायक चौथो | ६ (छ) | स्थायी |
| ७ | सहायक चौथो | २१ (एक्काइस) | अस्थायी |
| ८ | श्रेणी विहिन | १२ (बाह्र) | स्थायी |
| ९ | श्रेणी विहिन | २८ (अट्ठाइस) | अस्थायी |

गणेश प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

Website :www.kapilvastumun.gov.np Email: kapilvastumun.gov@gmail.com

खैरहनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
खैरहनी, चितवन
बागमती प्रदेश, नेपाल
फोन ०५६-५८२८८५, ०५६-५८२००६

प.सं. : ०७९/८०
च.नं. : १२६२४

मिति : २०८०/०२/०१

श्री मधेशी आयोग
ज्वागल, ललितपुर ।

विषय : विवरण उपलब्ध गराईएको बारे।

प्रस्तुत विषयमा तहाँ कार्यालयको प.सं. २०७९/८० च.नं. १०३ मिति २०७९/१०/१८ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो। यस कार्यालयमा तपसिल बमोजिमका मधेशी समुदायको कर्मचारीहरु कार्यरत रहेको व्यहोरा जानकारीका लागि अनुरोध छ।

तपसिल

| क्र.सं | नाम,थर | तह | पद | कैफियत |
|---|---|---|---|---|
| १ | मुकेश यादव | सहायक पाँचौ | पशु स्वास्थ्य प्राविधिक | |
| २ | राकेश साह | सहायक पाँचौ | मत्स्य प्राविधिक | |

पुरूषोत्तम शर्मा
प्रमुख प्रशासकीय अधिकृत

पुरूषोत्तम शर्मा
प्रमुख प्रशासकीय अधिकृत

"जहाँ समस्या, त्यहिँ मधेशी आयोग"
"वहुआयामिक समृद्धि र सुशासनको अभियान,
लोक चेतना, रुपान्तरण, शसक्तिकरण र पहुँचको सुप्रस्थान"

## पूर्ण प्रविधिमैत्री "मधेशी आयोग"मा सम्पर्क तथा उजुरी गर्न सकिने तरिकाहरू

टेलिफोन नम्बर : ०१-५२६११८५

फ्याक्स नम्बर : ०१-५२६११८५

टोल फ्रि नम्बर : १६६०-०१-१६१८५

हटलाइन नम्बर : ११४८

फेसबुक पेज : मधेशी आयोग-Madheshi Commission

ट्वीटर पेज : मधेशी आयोग

मोबाइल एप : मधेशी आयोग / Madheshi Commission

इमेल : madheshicommission@gmail.com

वेबसाइट : www.madheshicommission.gov.np

आयोगको ठेगाना

# मधेशी आयोग

Madheshi Commission

ज्वागल, ललितपुर
नेपाल